"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भानुपथ, इलाम
## Ilam Municipality
## Office of the Municipal Executive

१ नं. प्रदेश, नेपाल

**इलाम नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, इलामको**

**आ.ब. २०७६।०७७ को आन्तरिक आय ठेक्का बन्दोबस्त सम्बन्धी दरभाउपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशन मिति २०७६/०२/२९)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम यस कार्यालयले लगाउन सक्ने देहायका कर, दस्तुर, शुल्क सम्बन्धी आन्तरिक आय ठेक्का आ.व. २०७६/०७७ (२०७६ श्रावण १ गतेदेखि २०७७ आषाढ मसान्तसम्म) को लागि वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा सँस्था सम्वन्धित सबैमा निम्न शर्तको अधिनमा रही रीतपूर्वक शिलवन्दी वोलपत्र आह्वानका लागि यो १५ दिने सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नं. | ठेक्काको किसिम | न्यूनतम कवोल अंक वार्षिक |
|---|---|---|
| १/०७५/०७६ | हाटबजार बहाल बिटौरी शुल्क (आदर्श कृषि बजार) | रु. १,००,०००।०० (एकलाख मात्र) |
| २/०७५/०७६ | पार्किङ्ग सेवा शुल्क (तोकिए अनुसार) | रु १२,००,०००।०० (बाह्रलाख मात्र) |
| ३/०७५/०७६ | विज्ञापन कर (न.पा. क्षेत्र भित्र) | रु ५,१०,०००।०० (पाँचलाख दसहजार मात्र) |
| ४/०७५/०७६ | दहत्तर बहत्तर बिक्री तथा निकासी शुल्क (माइखोला/पुवाखोला) | रु ५,००,०००।०० (पाँचलाख मात्र) |
| ५/०७५/०७६ | स्थानीय पूर्वाधार उपयोग सेवा शुल्क (सडक मर्मत सेवा शुल्क) (न.पा. भित्रका तोकिएका स्थानीय सडकहरु) | रु १०,००,०००।०० (दसलाख मात्र) |
| ६/०७५/०७६ | नयाँबजार सार्वजनिक शौचालय सेवा शुल्क | रु ९५,०००।०० (पन्चानब्बेहजार मात्र |
| ७/०७५/०७६ | काठ, दाउरा, जराजुरी बिक्री तथा निकासी शुल्क | रु २०,००,०००।०० (बिसलाख मात्र) |

शर्तहरु

१. दरभाउपत्र फाराम रु १०००।०० अक्षरेपी रु एकहजार (फिर्ता नहुने) वुझाई १५ औं दिनको दिन कार्यालय समयभित्र व्यक्ति भएमा नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, फर्म कम्पनी वा संस्था भए आफ्नो फर्मको आ.ब. २०७५।०७६ सम्मको नवीकरण प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि समेत बुझाई यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२. यस कार्यालयको छाप र प्रमुखको दस्तखत नभएको वोलपत्रलाई मान्यता दिइने छैन र छायाँप्रति दरभाउपत्र फाराम स्वीकार्य हुने छैन । साथै जसको नामबाट दरभाउ पत्र खरिद गरिएको हो, सोही व्यक्ति वा फर्मको नामबाट दाखिला गर्नु पर्नेछ।

३. शिलबन्दी दरभाउपत्रको खाममा ठेक्का नं., ठेक्काको नाम र दउभाउपत्रदाताको नाम, ठेगाना, मोवाइल नं. र छाप स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ।

४. शिलबन्दी वोलपत्र १६ औं दिन दिनको १२ वजेभित्रमा दाखिला गरिसक्नु पर्नेछ र वोलपत्र सोही दिनको २ वजे दरभाउपत्रदाता स्वयम् वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो समयमा दरभाउपत्र स्वयम् वा निजको प्रतिनिधि उपस्थित नभएमा वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन । वोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परे उक्त कार्य सोको भोलिपल्ट वा कार्यालय खुलेपछि सोही समयमा गरिनेछ।

५. शिलबन्दी दरभाउपत्र फारामका साथ आफूले कवोल गरेको ठेक्का अङ्कको ५ प्रतिशतले हुन आउने धरौटी रकम ने.बै.लि. इलाम स्थित यस कार्यालयको धरौटी खाता नं. ०४००३०००००००००३००००४३ मा नगद दाखिला गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त बैकबाट इलाम न.पा.को नाममा जारी गरिएको कम्तीमा ७५ दिन मान्य अवधि भएको बैंक जमानत पेश गर्नु पर्नेछ।

६. शिलवन्दी दरभाउपत्रको खाममा ठेक्काको नाम, नम्वर र दरभाउपत्रदाताको नाम, ठेगाना र मोवाइल नं. स्पष्ट उल्लेख गर्नु पर्नेछ।

७. दरभाउपत्र फाराम भर्दा आफुले कवोल गरेको अङ्क र अक्षर दुवैमा प्रष्ट उल्लेख गर्नुपर्नेछ। कुनै व्यहोरा सच्याइएमा सच्याएको ठाउमा दरभाउपत्रदाताको दस्तखत भएको हुनुपर्नेछ। अङ्क र अक्षरमा फरक परे, अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

८. यस कार्यालयबाट विगत वर्षहरुमा लगाइएको ठेक्काको रकम वुझाउन वक्यौता रहेका व्यक्ति, फर्म वा संस्थाको दरभाउपत्र स्वीकृत हुने छैन।

९ ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकारलाई वुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर, शुल्क आदि ठेकेदार स्वयम्ले वुझाउनु पर्नेछ, । उक्त रकम ठेक्का अंकवाट कटाउन पाइने छैन ।

१०. दरभाउपत्र स्वीकृत भएपछि कवोल रकम किस्तावन्दी बुझाउँदा ३ किस्तामा वुझाउनु पर्नेछ। ठेक्का रकम अग्रिम एकमुष्ट वुझाउन चाहेमा कुल कवोल अंकको ५ प्रतिशत रकम छुट दिइनेछ।

११. ठेकेदारले नगरपालिकाले तोकेको कर सङ्कलन केन्द्रवाट तोकिएको दररेट अनुसार मात्र शुल्क असूल गर्नुपर्नेछ।

१२. ठेक्का गर्दा कुनै वाधा अड्चन आइपरेमा वा ठेकेदार र कार्यालयवीच विवाद वा अस्पष्ट भएमा प्रचलित ऐन, नियम एवम् सम्झौताको परिधिभित्र रही नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम र मान्य हुनेछ।

१३. ठेक्का स्वीकृतपश्चात संझौताको लागि आफूले कवोल गरेको रकम बराबर नगदै यस कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा ने.रा. बैंकबाट स्वीकृति प्राप्त बैंकबाट इलाम नगरपालिकाको नाममा जारी गरिएको कम्तीमा एक वर्ष म्याद भएको परफरमेन्स वण्ड पेश गर्नु पर्नेछ ।

१४.यस ठेक्कासम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ । कार्यालयको सम्पर्क फोन नं.०२७ ५२००६५ रहेको छ ।